अनुसूची – १
(बुदा नं. ५ सँग सम्बन्धित)
जनकपुरधाम, धनुषा ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

**प्रदेश कानूनी सहायता अधिकृत करार सेवाको लागि करार सेवामा दरखास्त फारम पेश गर्ने सम्बन्धी सूचना ।**

सूचना प्रकाशित मिति: २०८०/०६/२२

विज्ञापन नम्बर: २०८०-८१/करार/१

मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेशबाट प्रदेश कानूनी सहायता अधिकृत पदमा करारमा पदपुर्ती गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक अधिवक्ताहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८०।०७।०६ गते) भित्र मुख्य न्यायाधिवक्ताको कार्यालय मधेश प्रदेशको वेबसाइट https://oca.madhesh.gov.np/ मा उपलब्ध रहेको प्रदेश कानूनी सहायता अधिकृतको दरखास्त आवेदन फारम भरी अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरू समेत स्क्यानिङ गरि यस कार्यालयको इमेल ठेगाना info.oca@madhesh.gov.np मार्फत कार्यालय समय भित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरू संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. पद: प्रदेश कानूनी सहायता अधिकृत
२. सेवा: न्याय
३. समूह: सरकारी वकिल
४. अवधि: ६ महिना (कार्यसम्पादनको कार्यदक्षता र प्रभावकारिताको आधारमा ६/६ महिनाका दरले करारको म्याद थप गर्न सकिने)
५. मासिक पारिश्रमिक: रा.प. तृतीय श्रेणीको शुरु स्केल बराबर
६. प्रदान गर्नु पर्ने सेवा: सम्झौता पत्रमा तोकिएको कार्यविवरण बमोजिम
७. अनिवार्य संलग्न हुनु पर्ने कागजातहरु:
    क) नेपाली नागरिकताको प्रतिलिपि
    ख) मान्यता प्राप्त विश्व विद्यालयबाट कानूनमा स्नातक उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि
    ग) अधिवक्ताको प्रमाण पत्रको प्रतिलिपि
    घ) सम्बन्धित विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रतिलिपि
८. अन्तर्वार्ताको मिति र समय: रीत पूर्वक प्राप्त हुन आएका योग्य दरखास्त फारामहरूको चेकजाँच पश्चात कार्यालयको वेबसाइट मार्फत सूचना प्रकाशित गरी पछि जानकारी गरिनेछ ।
९. छनोटको किसिम: अन्तर्वार्ता र कम्प्युटरमा माईक्रोसफ्ट अफिस अन्तर्गत वर्ड, एक्सल र पावर प्वाईन्ट तथा इमेल इन्टरनेट चलाउन सक्ने क्षमता भएको हुनुपर्ने ।
१०. नियुक्ति लिन आउनुपर्ने अवधि: नियुक्तिका लागि छनौट भएका उम्मेदवारले छनौट भएको सूचना जारी भएको मितिबाट ७ दिनभित्र नियुक्ति लिन आउनु पर्नेछ ।

CamScanner

११. आवश्यक पद संख्या: ७ (सात)

१२. कार्यक्षेत्र: सिरहा, धनुषा, सर्लाही, रौतहट, बारा र पर्सा (आवेदकहरूको योग्यता क्रमको आधारमा निजले रोजेको प्राथमिकता प्राप्त क्षेत्रमा खटाइने)

१३. निवेदन दस्तुर: नलाग्ने

१४. उमेर: दरखास्त दिने अन्तिम मितिसम्ममा ४५ वर्ष ननाघेको हुनुपर्ने छ ।

१५. कार्य गर्नुपर्ने समय अवधि: यस कार्यालयले व्यवस्थापन गरेको कार्यालयमा बसेर पूर्ण कालिन रुपमा कानूनी सहायता उपलब्ध गराउनुपर्नेछ ।

१६. व्यक्तिगत रुपमा लेखापढी तथा बहस पैरबी गर्न छुट: मुख्य न्यायाधिवक्ताको कार्यालय पक्ष तथ विपक्ष भएको र यस कार्यालयको तर्फबाट आदेश भए बाहेकका अन्य मुद्दाहरूमा व्यक्तिगत रुपमा लेखापढी बहस पैरबी गर्न पाइने छैन ।

१७. अन्तर्वार्तामा उपस्थित हुँदा ध्यान दिनुपर्ने विषय: अन्तर्वार्तामा छनौट भएका उम्मेदवारको हकमा कार्यालयको वेबसाइटबाट डाउनलोड गरी भरेको फाराम र फाराम साथ संलग्न कागजातको सक्कल प्रति लिएर कार्यालयमा अन्तर्वार्ताको लागि तोकिएको दिन र समयमा उपस्थित हुनुपर्नेछ ।

१८. सम्पर्क: कुनै जिज्ञासा, सोधपुछ तथा थप जानकारीका लागि यस कार्यालयको टेलिफोन नम्बर ०४१-५९०१२२ मा सम्पर्क गरेर वा ईमेल मार्फत लिन सकिने छ ।

CamScanner